# सबैभन्दा हेरिने 'आवर नेचर'

धरान/ पूर्वबाट मुस्किलले निकाल्न सकिएको एउटा वैज्ञानिक जर्नल नेपालमै प्रकाशन गरीने जर्नलको तुलनामा सवैभन्दा वढी हेरिन्छ भन्ने थाहा पाएर जर्नलका सम्पादक कत्ति खुशी हुनुहोला ?

स्वतन्त्र रुपमा वैज्ञानिक अनुसन्धानमा व्यस्त कमल मादेनलाई गएको साता सम्पन्न एउटा कार्यक्रममा दिइएको यो जानकारीले अझै अच्चम पारिरहेको छ। मादेनसहितले सम्पादन गर्ने आवर नेचर(हाम्रो पर्यावरण) नामक वैज्ञानिक अनुसन्धानात्मक जर्नलले ईन्टरनेटमा यो उपलव्धि पाएको हो।

खासगरी विकाशोन्मुख मुलुकहरुमा हुनेगरेका वैज्ञानिक अनुसन्धान र शोधलाई

बाँकी छैठौं पेजमा



जर्नलका सम्पादकद्वय कमल मादेन र कुलप्रसाद लिम्बु(दायाँ)

## सबैभन्दा.....

ईन्टरनेटका माध्यमवाट संसारभर फैलाउन सहयोग गरिरहेको संस्था अनुसन्धानात्मक प्रकाशन उपलव्धताका लागि अन्तर्राष्ट्रिय सञ्जाल (इनाप्स)ले गएको सेप्टेम्वर १९ देखि २१ सम्म राजधानीमा गरेको एक कार्यक्रममा सो तथ्य खुलेको हो। म त हाम्रो जर्नल दुई चार जनाले चाहि हेरे होलान् भनी सोचीराखेको थियो, तर पछि सूची हेर्दा त पत्यार नै लागेन, मादेनले भन्नुभयो।

इनाप्सकी प्रमुख जुली वाकरले नेपजोल डट इन्फो (nepjol.info) साईटमा उपलव्ध नेपालका विभिन्न विधाका २३ जर्नलहरुमा अघिल्लो तीन महिनामा मात्र चार हजार एक सय ३५ जनाले डाउनलोड गरेको तथ्यांक कार्यक्रममा प्रस्तुत गर्नुभएको थियो। ईनाप्सकै प्राविधिक सहयोगमा निमार्ण यस साईटमा हेरिएकामध्ये हाम्रो जर्नल नै अहिले सवैभन्दा वढी मन पराइएको रहेछ,मादेनले भन्नुभयो।

मादेन खुशी हुनु पछिको पृष्ठभूमि भनेको चाहि दु:ख नै हो। विराटनगरको स्नातकोत्तर तहमा जीवविज्ञान अध्यापन गराईरहनुभएको डा.भरतराज सुव्वा, कुल प्रसाद लिम्वू र सोही क्याम्पसका पूर्व शिक्षक मादेनले चार वर्ष अघि विना कुनै संस्थाको सहयोग जर्नल प्रकाशनको आट गर्नुभएको थियो। अहिले पनि कसैको सहयोग छैन,हामी आफै दौडधुप गर्छौ, कार्यालय भनेकै गोजी हो, मादेन वास्तविकता वताउनुहुन्छ। जसमा डा.सुव्वा चाहि मुख्य सम्पादनका रूपमा रहनुभएको छ।

वार्षिक रुपमा निस्कने यो जर्नलको पाँचौ अंकको तयारीमा अहिले तीन जना क्याम्पसका गुरुहरु लागिरहनुभएको छ। खासगरी पुर्वमा भइरहेका अनुसन्धान र यहाँको जैविक विविधताको महत्वलाई दर्शाउने उद्देश्यले जर्नल शुरु गरिएको हो, सम्पादकमध्येका कुल प्रसाद लिम्वूले थप्नुभयो। जर्नल पढने र प्रतिक्रिया दिनेहरुले हामीलाई अझ दु:ख गर्न उत्साहित तुल्याउनुभएको छ, लिम्वूले भन्नुभयो।

## प्रयास....

यति इन्कर्पोरेटले ६ महिना भित्रमा सुविधा सम्पन्न विमानस्थल वनाएर सरकारी नियम अनुसार सञ्चालन गर्ने वताएपनि नागरिक उड्डयन प्राधिकरणले अवरोध गरेपछि काम अगाडि वढ्न सकेको थिएन।

समाजले सोही अधुरो रहेका कामलाई निरन्तरता दिन पहल शुरु गरेको जनाएको छ। पछिल्लो मन्त्रीमण्डल र नागरिक उड्डयन प्राधिकरणले धरानमा विमानस्थल निर्माण गर्न अनुमति दिएको समाजका अध्यक्ष मेन्याङवोले वताउनु भएको छ।

उक्त विमानस्थल निर्माणका लागि यति इन्कर्पोरेटका डाइरेक्टर जनरल आङछिरिङ शेर्पाले शतप्रतिशत लगानी गर्ने र ३० वर्ष सम्म लिजमा चलाउने भनिएपनि लगानीकर्ता आएको वेला तत्कालीन सरकारले अनावश्यक